सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
आदेश
०७७-WO-०६९५
मुद्दाः परमादेश।

रुक्सना कपाली र इशान रेग्मीसमेत ---------------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत --------------- विपक्षी

निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री काशिराम ढुंगानाले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीका नाउँमा म्याद सूचना पठाईदिनू।

साथै, प्रस्तुत निवेदनमा निवेदकको आधारभूत मानव अधिकारसँग सरोकार राख्ने विषयवस्तु समावेश भएको देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम मुद्दा पेसीको लागि अग्राधिकार प्रदान गरिएको छ। म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

न्यायाधीश

इति सम्वत् २०७७ साल माघ २५ गते रोज १ शुभम् ---------------------------